# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेडद्वारा नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिंह स्वर्ण पदक प्राप्त गर्ने विद्यार्थीलाई सम्मान कार्यक्रम

नेपाल बैंक लिमिटेडले त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संङ्काय अन्तर्गत स्नातकोत्तर तहमा सर्वोत्कृष्ट स्थान हासिल गरि **नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिंह स्वर्ण पदक** प्राप्त गर्न सफल बिद्यार्थी श्री रामप्रसाद खरेललाई सम्मान गरेको छ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय व्यवस्थापन विभाग किर्तिपुरबाट स्नातकोत्तर तह उत्तिर्ण श्री रामप्रसाद खरेललाई त्रित्रज्ञत्रभुवन विश्वविद्यालयको ४७ औं दिक्षान्त समारोहको अवसरमा सम्माननीय प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति श्री शेर बहादुर देउवाले **नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिंह स्वर्ण पदक** प्रदान गर्नु भएको थियो ।

वि.सं. २०२२ साल माघ ११ गते एक लाख रुपैयाँको अक्षयकोष स्थापना गरि सुरु भएको उक्त पदक त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायमा सर्वोत्कृष्ट हुनेलाई प्रत्येक बर्ष त्रिभुवन विश्वविद्यालयको दिक्षान्त समारोहको दिन प्रदान गरिन्छ । नेपाल बैंक लिमिटेड प्रधान कार्यालय, धर्मपथ, काठमाण्डौमा मिति २०७८/०९/२० गते आयोजित एक कार्यक्रममा नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले पदक विजेता श्री राम प्रसाद खरेललाई बधाई ज्ञापन तथा सम्मान गर्नु भएको थियो । उक्त कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले नेपाल बैंकको नाममा स्थापित **नेपाल बैंक लिमिटेड सरदार गुञ्जमान सिंह स्वर्ण पदक** प्राप्त गरेकोमा बधाई ज्ञापन गर्दै भविष्यमा अझ धेरै सफलता प्राप्त गर्न र नेपाल बैंक लिमिटेडको गरिमा बढाउन महत्वपूर्ण भुमिका निर्वाह गर्न शुभकामना व्यक्त गर्नुभएको थियो । कडा परिश्रमले सधैं सफलता मिल्दछ भन्दै यो पदक सम्पूर्ण विद्यार्थीहरुको लागि प्रेरणाको श्रोत बन्न पुगेको पनि उहाँले बताउनु भयो । कार्यक्रममा पदक बिजेता विद्यार्थी श्री राम प्रसाद खरेलले नेपाल बैंक लिमिटेडको नाममा स्थापित स्वर्ण पदक प्रदान गरेकोमा नेपाल बैक लिमिटेडप्रति हार्दिक आभार व्यक्त गर्नु भएको थियो ।

भवदीय,

मिति २०७८ पौष २० गते बुधबार ।

(प्रकाश कुमार अधिकारी)
प्रवक्ता